**आकाशवाणी समाचार- नेपाली**

**मितिः १५ अप्रेल २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आजबाट महाराष्ट्रको दुई दिने भ्रमण सुरु गर्दै हुनुहुन्छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज कर्नाटकको एक दिवसीय भ्रमणमा हुनुहुन्छ। उहाँले मण्ड्या जिल्लामा रहेको श्री गुरु भैरवैक्य मन्दिरको उद्घाटन गर्नुहुनेछ र एक सभालाई सम्बोधन गर्नुहुनेछ।

३. संसदीय मामिला मन्त्री किरेन रिजिजुले विशेष संसदीय सत्रमा सरकारले ल्याउने महिला आरक्षण विधेयक सन्तुलित रहेको र प्रत्येक राज्य, समुदाय र क्षेत्रको आकांक्षा पूरा गर्ने बताउनु भएको छ।

४. भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालको दार्जिलिङ, जलपाइगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाहरूमा पार्टी उम्मेदवारहरूको समर्थनमा धेरै सार्वजनिक सभाहरूमा भाग लिनुहुनेछ।

५. आईपीएल क्रिकेटमा चेन्नई सुपर किंग्सले कोलकाता नाइट राइडर्सलाई ३२ रनले पराजित गर्‍यो।

**<u>महाराष्ट्र – राष्ट्रपति नागपुरमा</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आजबाट महाराष्ट्रको दुई दिने भ्रमण सुरु गर्दै हुनुहुन्छ। प्रस्तुत छ हाम्रो संवाददाताको यो रिपोर्ट ..

**बाइट**

**<u>प्रधानमन्त्री-कर्णाटक भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज कर्नाटकको एक दिवसीय भ्रमणमा हुनुहुन्छ। भ्रमणको क्रममा प्रधानमन्त्रीले मण्ड्या जिल्लाको श्री क्षेत्र आदिचुंचनागिरीमा रहेको श्री गुरु भैरवैक्य मन्दिरको उद्घाटन गर्नुहुनेछ र यस अवसरमा एक सभालाई सम्बोधन गर्नुहुनेछ। श्री मोदीले पूर्व प्रधानमन्त्री एच. डी. देवेगौडासँग मिलेर 'सौन्दर्य लहरी र शिव महिम्ना स्तोत्रम' शीर्षकको पुस्तकको संयुक्त रूपमा विमोचन पनि गर्नुहुनेछ।

श्री गुरु भैरवैक्य मन्दिर पूज्य द्रष्टा र श्री आदिचुंचनागिरी महासंस्थान मठका ७१ औं पीठाधीश्वर श्री श्री श्री डा. बालगंगाधरनाथ महास्वामीलाई समर्पित स्मारक हो। परम्परागत द्रविड वास्तुकला शैलीमा निर्मित, मन्दिर दिवंगत सन्तको जीवन र विरासतको श्रद्धांजलिको रूपमा खडा छ। मन्दिरलाई श्रद्धाको स्थानको रूपमा मात्र नभई भावी पुस्ताका लागि प्रेरणाको स्रोतको रूपमा पनि परिकल्पना गरिएको छ। श्री श्री श्री डा. बालगंगाधरनाथ महास्वामीलाई सामाजिक सेवाप्रतिको आफ्नो जीवनभरको प्रतिबद्धताको लागि व्यापक रूपमा सम्मान गरिएको थियो, उहाँले असंख्य शैक्षिक संस्था र स्वास्थ्य सेवा सुविधाहरू स्थापना गर्नुभएको थियो। उहाँ दृढ विश्वास गर्नुहुन्थ्यो कि समाजको सेवा नै पूजाको सर्वोच्च रूप हो, र उहाँका शिक्षाहरूले जात, धर्म र क्षेत्रका बाधाहरू पार गर्दै लाखौंलाई प्रेरणा दिनु भएको छ।

**<u>प्रधानमन्त्री – संयुक्त राज्य अमेरिका</u>**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हिजो प्रधानमन्त्री नरेन्द्र मोदीसँग टेलिफोन वार्ता गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले दुई नेताहरूले पश्चिम एसियाको अवस्थाबारे छलफल गरेको र होर्मुजको जलडमरूलाई खुला र सुरक्षित

राख्नुको महत्त्वमा जोड दिएको बताउनु भएको छ। उहाँले भन्नु भयो, कुराकानीको क्रममा दुवै देशले विभिन्न क्षेत्रहरूमा द्विपक्षीय सहयोगमा हासिल भएको महत्वपूर्ण प्रगतिको समीक्षा गर्नु भयो। प्रधानमन्त्रीले उल्लेख गर्नु भयो, दुवै पक्षले सबै क्षेत्रमा आफ्नो व्यापक विश्वव्यापी रणनीतिक साझेदारीलाई अझ बलियो बनाउने प्रतिबद्धता व्यक्त गर्नु भएको छ।

**पश्चिम बंगाल – प्रधानमन्त्री: 'मेरो बुथ'**

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदीले पश्चिम बंगालका भाजपा कार्यकर्ताहरूलाई चुनाव अघि बुथ-स्तरीय संगठनहरू बलियो बनाउन आग्रह गर्नुभएको छ। बंगाली नयाँ वर्षको पूर्वसन्ध्यामा हिजो बुथ कार्यकर्ताहरूलाई प्रत्यक्ष सम्बोधन गर्नु हुँदै प्रधानमन्त्रीले "मेरो बुथ सबैभन्दा बलियो छ" (*मेरा बुथ सबसे मजबुत*) भन्ने नारामा जोड दिनुभयो। उहाँले पार्टी सदस्यहरूलाई प्रत्येक मतदान केन्द्रमा आफ्नो पूर्ण ऊर्जा समर्पित गर्न आह्वान गर्नु भयो।

**बाइट**

**रिजिजु - महिला आरक्षण**

संसदीय मामिला मन्त्री किरेन रिजिजुले विशेष संसदीय सत्रमा सरकारले ल्याउने महिला आरक्षण विधेयक सन्तुलित रहेको र प्रत्येक राज्य, समुदाय र क्षेत्रको आकांक्षा पूरा गर्ने बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्नु हुँदै मन्त्रीले भन्नु भयो, उहाँले हरेक राजनीतिक दलसँग सम्पर्क गर्नु भ्भाएको छ र भोलिदेखि शनिबारसम्म हुने संसद सत्रमा ल्याइने कानूनको कुनै पनि दलले विरोध गरिरहेको छैन। उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय हितमा एकसाथ आएकोमा सबै राजनीतिक दलहरूलाई कृतज्ञता व्यक्त गर्नुभएको छ। उहाँले भन्नु भयो, महिला आरक्षण राजनीतिक मुद्दा हुन सक्दैन र यदि महिला आरक्षणको प्रक्रियामा थप ढिलाइ भयो भने यो अत्यन्तै पीडादायी हुनेछ।

**बाइट**

**पश्चिम बंगाल चुनाव अभियान**

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदानको लागि भाजपाले आफ्नो चुनावी अभियान तीव्र बनाएको छ। पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज राज्यमा धेरै सार्वजनिक सभाहरूलाई सम्बोधन गर्नु हुनेछ। उहाँले आज दार्जिलिङ, जलपाइगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाहरूमा पार्टी उम्मेदवारहरूको समर्थनमा धेरै सार्वजनिक सभाहरूमा भाग लिनुहुनेछ। उहाँ दार्जिलिङ शहरको लेबोङ मैदानमा एक र्‍यालीमा भाग लिनुहुनेछ, त्यसपछि जलपाइगुडी जिल्लाको राजगंजमा एक सभामा भाग लिनुहुनेछ। पछि, अमित शाहले अलिपुरद्वार जिल्लाको फालकाटा मिल रोड मैदानमा एक र्‍यालीमा भाग लिनुहुनेछ। उनी कुचबिहार जिल्लाको तुफानगंजको कालीबारी आरएमसी मैदानमा एक सार्वजनिक सभामा पनि भाग लिनुहुनेछ।

**बिहार – नयाँ मुख्यमन्त्री**

बिहारका उप मुख्यमन्त्री तथा भारतीय जनता पार्टीका नेता सम्राट चौधरीले राज्यको नयाँ मुख्यमन्त्रीको रूपमा शपथ लिनु हुनेछ। उहाँ राज्यको शीर्ष पद ग्रहण गर्ने पहिलो भाजपा नेता हुनुहुनेछ। यसअघि, श्री चौधरीले लोकभवनमा राज्यपाल (सेवानिवृत्त जनरल) सैयद अता हसनैनसँग भेटेर सरकार गठनको लागि आफ्नो दाबी प्रस्तुत गर्नुभयो। जनता दल (संयुक्त) का अध्यक्ष नीतीश कुमारले मुख्यमन्त्री पदबाट राजीनामा दिनु भएपछि यो घोषणा भएको हो। उहाँ हालै राज्यसभाको सदस्यको रूपमा नियुक्त हुनुभएको थियो।

तारापुरका भाजपा विधायक सम्राट चौधरीले आफ्नो नयाँ जिम्मेवारी पूर्ण समर्पणका साथ निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे। पत्रकारहरूसँग कुरा गर्नु हुँदै श्री चौधरीले यो बिहारका जनताको सेवा गर्ने र उनीहरूको विश्वास र आकांक्षा पूरा गर्ने अवसर भएको बताउनु भयो।

**बाइट**

**छत्तीसगढ – विस्फोट**

छत्तीसगढमा शक्ति जिल्लाको वेदान्त लिमिटेड पावर प्लान्टमा भएको विस्फोटमा १३ जना श्रमिकहरुको मृत्यु भएको छ भने २१ जना घाइते भएका छन्। पुलिसले घाइतेहरूलाई नजिकैका अस्पतालहरूमा भर्ना गरिएको बताएको छ। जानकारी पाएपछि पुलिस र प्रशासनिक टोलीहरू राहत र उद्धार कार्य सञ्चालन गर्न घटनास्थलमा पुगेका छन्।
मुख्यमन्त्री विष्णु देव साईले यस घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। उहाँले प्रत्येक मृतक श्रमिकको आफन्तलाई ५ लाख रुपियाँ र घाइतेलाई ५० हजार रुपियाँ क्षतिपूर्तिको घोषणा गर्नुभएको छ। श्री साईले बिलासपुर डिभिजनका आयुक्तलाई यस त्रासदीको अनुसन्धान गर्न आदेश दिनुभएको छ।

**आईपीएल**

आईपीएल क्रिकेटमा चेन्नई सुपर किंग्सले हिजो राति कोलकाता नाइट राइडर्सलाई ३२ रनले पराजित गऱ्यो। चेन्नईको एम.ए. चिदम्बरम स्टेडियममा पहिले ब्याटिङ गर्दै चेन्नई सुपर किंग्सले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १९२ रन बनाएको थियो। सञ्जु स्यामसनले ४८ रनको इनिङ्स खेले। जवाफमा कोलकाता नाइट राइडर्सले सात विकेट गुमाउँदै १६० रन मात्र बनाउन सक्यो। नूर अहमदले ३ विकेट लिए र प्लेयर अफ द म्याच घोषित भए।
रोयल च्यालेन्जर्स बैंगलोरले आज साँझ लखनऊ सुपर जायन्ट्सको सामना गर्नेछ। यो म्याच बेंगलोरको एम. चिन्नास्वामी स्टेडियममा साँझ ७:३० बजे सुरु हुनेछ।